प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

लागूऔषध रहित परिवार:
स्वस्थ जीवनको आधार
❖ लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
❖ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
स्वस्थ र सुखी परिवारको लागि
लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ३२६ ॥ २०७९ माघ ०८ गते आइतबार (22nd Jan 2023 Sunday) **Pratidin** National Daily dNo-?:%÷-

उपसभामुखमा इन्दिरा रानामगर निर्वाचित

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट इन्दिरा रानामगर उपसभामुखमा निर्वाचित भएकी छन् । शनिबार प्रतिनिधिसभामा भएको निर्वाचनमा उनले प्रतिस्पर्धी नेपाली कांग्रेसकी मुक्ताकुमारी यादवलाई पराजित गरेकी हुन् ।

रानाको प्रस्तावकमा सोविता गौतम र समर्थकमा एमालेका कृष्णगोपाल श्रेष्ठ, माओवादी केन्द्रकी नारायणी शर्मा र राप्रपाका राजेन्द्र लिङ्देन थिए । मत विभाजनको प्रक्रियाबाट भएको निर्वाचनमा राना १६६ मतसहित निर्वाचित भएकी हुन् । उनको विपक्षमा यादवलाई ९७ जना सांसदको समर्थन रहेको थियो । यस्तै तटस्थ १ मत परेको थियो । शनिबारको प्रतिनिधिसभामा २६४ सांसदको उपस्थिति थियो ।

रास्वपाकी सोविता गौतमलाई उपसभामुख बनाउने प्रारम्भिक चरणमा चर्चा भए पनि सत्ता साझेदार दलहरूले रानामगरलाई उपसभामुख बनाउने निर्णय गरेका थिए ।

लामो समय सामाजिक क्षेत्रमा क्रियाशील झापा अर्जुनधारा निवासी रानामगरको राजनीतिक यात्रा नयाँ हो । गत मंसिर ४ गतेको निर्वाचनअघि मात्रै उनी राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध भएर राजनीति सुरु गरेकी हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीले उनलाई समानुपातिकतर्फबाट सांसद बनाएको थियो । सयौं बालबालिकालाई पालनपोषण र शिक्षादीक्षा दिएर रानामगरले समाजसेवाको क्षेत्रमा प्रसिद्धि कमाएकी छन् ।

डेढ दशकअघि इन्दिरा रानामगरले आफ्नो गाउँमा बाँसको बेराबाट बनेको सानो कटेरामा जुनकिरी पुस्तकालय स्थापना गरेकी थिइन् ।

गाउँमा पठनपाठन गराउन स्थापना गरेको पुस्तकालय अहिले विद्यालयमा परिणत भएको छ ।

अर्जुनधारा नगरपालिका-११ देउनियाबस्तीमा आफ्नो नामको डेढ कट्ठा तथा दाजुहरू जगत र रणबहादुर रानामगरबाट एक कट्ठा गरी दुई कट्ठा दश धुर जमिनमा उनले पुस्तकालयलाई जुनकिरी सार्वजनिक प्राथमिक विद्यालयका रूपमा विस्तार गरेकी हुन् । जहाँ जेल परेका अभिभावकका १९ बालबालिकासहित एक सय ७ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालय स्थापनापछि चिया बगानमा मजदुरी गर्ने श्रमिकका र विपन्न दलित परिवारका बालबालिकाले पनि अध्ययन गर्न पाएका छन् ।

बन्दी सहायता नेपालको संस्थापक रानामगर प्रतिनिधिसभाको उपसभामुखमा निर्वाचित भएपछि देउनीयाबस्तीमा खुसी छाएको छ । प्रतिनिधिसभाको दुवै पद सभामुख र उपसभामुखमा झापाली नेता नै निर्वाचित भएपछि जिल्लावासी थप उत्साहित बनेका छन् ।

चारआली जंगलनजिकैको देउनियाबस्तीमा करिब दुई सय घर परिवारको बसोबास छ । नजिकैको बुट्टाबारीमा सरस्वती मावि छ । तर, उक्त विद्यालय पूर्वपश्चिम राजमार्गदेखि दक्षिणपट्टि रहेकाले बाटो उत्तरका बालबालिकालाई विद्यालय जान सँधैं समस्या हुन्थ्यो । अभिभावक छोराछोरीलाई विद्यालय पठाउनै डराउँथे । 'गाउँमा यो समस्या देखिएपछि इन्दिरा दिदीले लाइब्रेरीलाई नै स्कुलका रूपमा अघि बढाउने सोच बनाउनुभयो । दाजुहरूसँग अलिकति जग्गा माग्नुभयो र, आफ्नो समेत जग्गा दान गरेर यो स्कुल स्थापना गर्नुभयो,' जुनकिरी प्राविका प्रधानाध्यापक रञ्जित परियारले भने,' अहिले यो स्कुलमा चिया बगानमा काम गर्ने मजदुर र विपन्न दलित परिवारका छोराछोरीले सहज रूपमा पढ्न पाएका छन् ।'

२०२७ असार १८ मा देउनियाबस्तीमा विपन्न परिवारमा जन्मिएकी रानामगरले शिक्षा प्राप्त गर्न निकै संघर्ष गर्नु परेको थियो । उमेर बितिसकेपनि विद्यालय जान नपाएको अवस्थामा स्थानीय शिक्षक तथा अगुवाको सहयोगमा १० वर्षको उमेरमा मात्र उनले विद्यालय टेक्ने अवसर पाएकी थिइन् । एकै पटक कक्षा ५ बाट पढाइ सुरु गरेकी उनले अर्काको घरमा श्रम गरेर आफ्नो पढाइलाई अघि बढाएकी थिइन् ।'शिक्षा प्राप्त गर्न उहाँले जुन किसिमको दुःख गर्नुभयो । अरुलाई त्यस्तो दुःख नहोस् भनेर झापा र काठमाडौंमा दुईटा जुनकिरी प्राथमिक विद्यालय स्थापना गर्नु भएको छ,' प्रअ परियारले भने । उनले २०६२ मा स्थापना गरेको जुनकिरी पुस्तकालयलाई २०६५ बाट जुनकिरी प्राविका रुपमा अघि बढाइएको हो । रानामगर सन् २००५ मा पुरस्कृत ' अशोका फेलो अवार्ड' बाट प्राप्त रकम र विभिन्न दाताको सहयोगमा पक्की भवनमा आवाससहितको विद्यालय सञ्चालित छ ।

रानामगरले गृहजिल्ला झापामा उक्त विद्यालयसहित तीन वटा बाल गृह, एउटा छात्र गार्डेन र एउटा डे केयर सेन्टर सञ्चालन गरेकी छन् । अर्जुनधारा-३ खुदुनाबारी बालगृहमा ७, मनमाया आमा बालगृहमा ५, गंगा जोशी आमा बालगृहमा ५, जंगल गार्डेन छात्र होममा ९ र जुनकिरी डे केयर सेन्टरमा ७ जना बालबालिका छन् । उनीहरु सबै जेल परेका अभिभावकका बालबालिका हुन् । जुनकिरी डे केयर सेन्टर जिल्ला कारागारभित्र सञ्चालित छ ।

बालगृह र विद्यालयमा अध्ययनरत विद्यार्थीको पालनपोषणका लागि उनले जिल्लामा अढाइ बिघा जमिन खरिद गरेकी छन् । उक्त जमिनमा ती बालबालिकालाई सीपमूलक तालिम सिकाउने गरी कृषि उद्योग, कुखुरा, बाख्रा, माछापालन, धान र तरकारी खेती गरिन्छ ।

समाजका हानिकारक अभ्यासका बारेमा अन्तरक्रिया

झापा(प्रस)। झापाको कनकाई नगरपालिकामा समाजमा विद्यमान हानिकारक अभ्यासहरूका बारेमा अन्तरक्रिया गरिएको छ । राष्ट्रिय महिला आयोगको आयोजनामा शुक्रवार कनकाईमा बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोपलगायतका प्रथासम्बन्धी एकदिने अन्तरक्रिया गरिएको हो । अन्तरक्रिया कार्यक्रम कनकाई नगरपालिका बालबालिका शाखा प्रमुख टीका खतिवडाको संयोजनमा भएको थियो । जनप्रतिनिधि, मानव अधिकारवादी, नगरका कर्मचारी, प्रहरीसहित करिब ६५ जनाको सहभागिता रहेको अन्तरक्रिया कार्यक्रमको सहजीकरण आर्थिक मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश नं. १ की कानुन अधिकृत तथा राजस्व फाँटकी प्रमुख पुष्पलता उप्रेतीले गरेकी थिइन् । अन्तरक्रियाका क्रममा कानुन अधिकृत तथा राजस्व फाँटकी प्रमुख उप्रेतीले महिला हिंसाका घटना देशमै सबैभन्दा धेरै प्रदेश नं. १ मा हुने गरेको जानकारी दिइन्। उनले आत्महत्या, बलात्कार, बहुविवाहजस्ता महिला हिंसाका घटना प्रदेश १ मा धेरै हुने गरेको बताइन् । महिला आयोगकी सदस्य पवित्राकुमारी शर्माको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश सामान्य प्रशासन मन्त्रालयका उपसचिव ओमकार शाहले गरेका थिए । कार्यक्रममा कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोख्रेल , उपप्रमुख आशा शर्मा शिवाकोटी ,विभिन्न शाखाका प्रमुख , नौ वटै वडाका अध्यक्ष , वडा सदस्य , कार्यपालिका सदस्य, विभिन्न संघ संस्था प्रमुख प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

महिलाहरूमा सचेतना जगाएर महिला हिंसा न्यूनीकरण गर्ने उद्देश्यले आयोगले सुनसरीको दुहबी, मोरङको रंगेली र झापाको कनकाई नगरमा अन्तरक्रिया गरेको आयोगकी कानुन अधिकृत आश्रृती पोखरेलले जानकारी दिइन् । नगर प्रमुख पोखेलले यस्ता हिंसाका घटना प्रदेश १ मा धेरै हुने गरेको तथ्यांक भएतापनि कनकाईमा यस्ता घटना शुन्यमा झार्न विभिन्न अन्तरक्रिया , सम्बाद ,जनचेतनामूलक अभियानलगायतका कार्यक्रम संचालन गरिने प्रतिवद्धता जनाए । नगरका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद न्यौपानेले झापाका अन्य पालिकाको तुलनामा कनकाईमा यस्ता घटनामा कमी आएको जानकारी दिए । कार्यक्रममा नगरका शिक्षा शाखा प्रमुख पिताम्वर गौतम , प्रशासकीय अधिकृत विवेक भण्डारी , कर्मचारी विजय पाठकलगायतले आ - आफ्नो भनाई राखेका थिए । कार्यक्रमको संचालन आयोगकी कर्मचारी बिना श्रेष्ठले गेर्का थिइन् ।

नेवि संघको सभापतिमा दुई जनाको दाबी

झापा(प्रस)। नेपाल विद्यार्थी संघ झापाको सभापतिमा विवाद सुरु भएको छ ।नेपाली काँग्रेसको विद्यार्थी संघमा दुई जनाले सभापतिमा दाबी गरेपछि विवाद भएको हो ।

नेपाल विद्यार्थी संघको केन्द्रीय कार्यसमितिले झापा मेचीनगरका सञ्जय निरौलालाई सभापतिको जिम्मेवारी तोकेको छ । नेपाली काँग्रेस झापाका सभापति देउमान थेबेले जिल्ला सभापतिको रुपमा निरौलाको नाम नेविसंघको केन्द्रलाई सिफारिस गरेका थिए । सोही बमोजिम केन्द्रीय समितिले निरौलालाई काम कारबाही सुरु गर्ने गरी परिपत्र समेत गरिसकेको छ । नेवि संघका केन्द्रीय सभापति दुजाङ शेर्पाले जिल्लामा सभापति रिक्त रहेको भन्दै निरौलालाई पार्टीको सिफारिसमा सभापतिको जिम्मेवारी दिएको बताएका छन् ।

यता, मेची क्याम्पसका स्ववियु सभापति समेत रहेका भुवन बुढाथोकीले आफूलाई सभापतिको रुपमा दाबी गरेका छन् । नेविसंघ झापाको लेटरप्याडमा विज्ञप्ति जारी गर्दै उनले नेविसंघ झापाको सभापतिमा अर्को व्यक्ति तोकिएको विषय षडयन्त्रपूर्वक र एकपक्षीय भएको बताए । उनले विज्ञप्तिमार्फत आफू नै नेविसंघ झापाको सभापति भएको भन्दै कसैलाई भ्रममा नपर्न आग्रह गरेका छन् । बुढाथोकीले आफ्नो कार्यसमिति निर्वाचित भएर आएको दावी गरेका छन् । निर्वाचित कार्यसमितिलाई नेविसंघको नाममा आएको पत्र मान्य नहुने उनको भनाई छ ।

हार्दिक बधाई
तथा शुभकामना
झापा क्षेत्र नं २ का सांसद, यस सुखानी शहीद स्मृति प्रतिष्ठान नेपालका अध्यक्ष श्री देवराज घिमिरेज्यू प्रतिनिधिसभाको सम्माननीय सभामुख पदमा निर्वाचित हुनुभएकोमा बधाई दिंदै समृद्ध नेपाल र सुखी नेपाली बनाउने महान अभियानमा सँधै तपाईका पाइलाहरू अघि बढून् भन्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सुन्दर सुवेदी
कोषाध्यक्ष
हर्क राई
महासचिव
टंक भट्टराई/अर्जुन राई
उपाध्यक्ष
सुखानी शहीद स्मृति प्रतिष्ठान नेपाल

निराकारको २४औं दिनमा अन्त्येष्टि

झापा(प्रस) । कम्बोडियामा भीषण आगलागी घटनामा परी ज्यान गुमाएका झापा बिर्तामोड-१ निवासी निराकार पाण्डेको शनिबार अन्त्येष्टि गरिएको छ। परिवारजनले मृत्यु भएको २४औं दिनमा निराकारको कनकाई माई नदी किनारमा हिन्दु संस्कार अनुसार दाहसंस्कार गरेका हुन् । उनको पार्थिव शरीरमा नेकपा एमालेका स्थायी कमिटी सदस्य एवम् झापा इञ्चार्ज अग्नि खरेलले पार्टीको झण्डा ओढाएर सम्मान गरेका थिए ।

गत पुष १४ गते राति कम्बोडियाको ग्राण्ड डायमन्ड सिटी होटेल एण्ड क्यासिनोमा भीषण आगलागीमा ज्यान बचाउन १२औँ तलाको झ्यालबाट हामफाल्दा उनको ज्यान गएको थियो। हामफाल्नुअघि उनले आफ्ना परिवारका सदस्यहरुसँग साढे ४ घण्टा लामो भिडियो कलमार्फत कुराकानी गरेका थिए। नेपाल सरकारको सहयोगमा उनको शव शुक्रबार राति ११:२० बजे काठमाडौं आइपुगेको थियो। परिवारजनले शव बुझेर काठमाडौँबाट राति १२:४० बजे झापाका लागि प्रस्थान गरेका थिए। उनको शव शनिवार दिउँसो साढे १२ बजे घर ल्याइएको थियो। त्यसपछि घरबाट निकालिएको शवयात्रामा बिर्तामोडसहित जिल्लाका विभिन्न भागबाट आफन्त नातागोता, सामाजिक, राजनीतिक, शैक्षिक, व्यावसायिक व्यक्तित्वहरूको सहभागिता रहेको थियो। उनको मृत्युले बिर्तामोड शोकमा डुबेको छ।

कर्मचारी संघ एक्सेल बैंकको अध्यक्षमा लोहनी चयन

झापा(प्रस) ।नेपाल वित्तीय संस्था कर्मचारी संघ, एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको शनिवार बिर्तामोडमा तेस्रो महाधिवेशन सम्पन्न भएको छ । महाधिवेशनबाट यस संघका पदाधिकारीहरु सर्वसम्मत चयन भएका छन् । नयाँ कार्यसमितिको अध्यक्षमा गोपाल लोहनी चयन भएका छन् भने बरिष्ठ उपाध्यक्षमा भागवत ढुंगाना, उपाध्यक्षद्वय नवीन संग्रौला तथा यामनाथ पौड्याल, महासचिवमा राजशंकर झा चयन भएका छन् । त्यस्तै उप-महासचिव पदमा राजन ढकाल, कोषध्यक्षमा गजेन्द्र ढकाल तथा सदस्यहरुमा निशा ओली आचार्य, निरज ढुंगाना, चन्दना भण्डारी र तेजप्रकाश न्यौपाने चयन भएका छन् ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल ट्रेड युनियन काँग्रेस जिल्ला समिति झापाका अध्यक्ष यज्ञप्रताप अधिकारी, विशिष्ठ अतिथि नेपाल वित्तीय संस्था कर्मचारी संघका प्रदेश १ का अध्यक्ष राम भट्टराई, विशिष्ठ अतिथि बैंकका प्रमुख कार्यकारी अधिकृत डा. इन्द्रकुमार कट्टेल, नेपाल वित्तीय संस्था कर्मचारी संघका जिल्ला अध्यक्ष भवानी प्रसाईं, नेपाल वित्तीय संस्था कर्मचारी संघका पूर्व केन्द्रीय सदस्य होम कार्की, संघका संस्थापक अध्यक्ष मिनबहादुर कार्की, पूर्व अध्यक्ष गोपाल लोहनी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, एनआइसी एसिया बैंक लि.का पूर्व केन्द्रीय उपाध्यक्ष राम पौडेललगायतको उपस्थिति रहेको थियो भने बैंकका उच्च पदस्थ अधिकारीहरुको पनि सहभागिता रहेको थियो ।

२०६८ मा स्थापित यस संघले विगत ११ वर्षदेखि बैंकको सुदृढीकरण तथा कर्मचारी हकहितका लागि काम गरिरहेको छ ।

हाम्रो पहिचान, हाम्रो संस्कृति –मोरङको उर्लाबारी–९ दुर्गापुरीमा आयोजित सोनाम ल्होसार २८५९ अवसरमा आयोजित ५ दिने सांस्कृतिक कार्यक्रममा परंम्परागत जातीय पोशाकमा सजिएका तामाङ समुदायका युवतीहरु ।(तस्बिर तेजन खड्का)

सशस्त्र प्रहरी दिवसमा सरसफाई

कुमरखोद(प्रस) । सशस्त्र प्रहरी बल टाँघनडुब्बाले २२ औं सशस्त्र प्रहरी दिवसको अवसरमा शनिवार झापा बजारमा सरसफाई गरेको छ ।

सशस्त्र प्रहरी बल टाँघनडुब्बाले झापा गाउँपालिका वडा नं २ मा रहेको झापा बजारक्षेत्र, टेम्पो स्टेण्ड हुँदै वडा कार्यालय छेउसम्म सरसफाई गरेको सशस्त्र प्रहरी बल विओपी टाँघनडुब्बाका प्रमुख सरोज कटुवालले बताए ।

सरसफाई कार्यक्रममा सहभागी भएका वडा अध्यक्ष हिमालकुमार चम्लागाई, न्यायिक समिति सदस्य राजकुमार कोच , झापा गाउँपालिका उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनोजकुमार गणेश , झापा गाउँपालिका चेम्वर अफ कमर्सका लक्ष्मी गणेश , वडा सचिव नारायणकुमार चम्लागाई ,जनपद प्रहरीका सई रत्नबहादुर श्रेष्ठ, झापा बजार व्यवस्थापन समितका पदाधिकारीहरु , व्यापारी तथा स्थानीयवासीहरुको सहभागिता रहेको थियो ।

वडा अध्यक्ष चम्लागाईले विकास निर्माणसँगै गाउँ, टोल, मठमन्दिर , बजारलाई सरसफाई राखे वातावरण सफा हुने र रोग समेत नलाग्ने भएकाले सरसफाई कार्यक्रमलाई निरन्तरता दिने बताए ।

इस्टुको अध्यक्षमा खतिवडा र बराल

भद्रपुर(प्रस) । संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) झापाको पाँचौं अधिवेशनबाट होमराज खतिवडा र राजु बराल अध्यक्षमा सर्वसम्मत चयन भएका छन् ।

चार वर्षे कार्यकालका लागि गठित समितिको पहिलो दुई वर्ष खतिवडाको नेतृत्व रहने छ भने पछिल्लो दुई वर्ष बराल अध्यक्ष रहनेगरी समिति गठन भएको हो ।

यसैगरी समितिको बरिष्ठ उपाध्यक्षमा युवराज दाहाल, महिला उपाध्यक्षमा रमा ढुंगाना, उपाध्यक्षहरूमा क्रमशः घनश्याम अर्याल, टंक अधिकारी, विकास अधिकारी र लक्ष्मीशरण अधिकारी निर्विरोध चयन भएका छन् । यस्तै सचिव द्रोण अधिकारी, रेवत खनाल र पदम गजुरेल, सहसचिवमा क्रमशः दीपक खड्का, सञ्जीव कार्की, दिपेन्द्र यादव र चन्द्रमणि खरेल, कोषाध्यक्षमा लक्ष्मी सुवेदी र सहकोषाध्यक्षमा विदुर ढुंगाना चयन भएका छन् ।

यसैगरी सदस्यहरूमा टंक न्यौपाने, निर्मला दुलाल, सरू कार्की, कमल न्यौपाने, शर्मिला प्रसाई, भानुप्रताप राजवंशी, मनिषा चेम्जोङ, मुना कार्की, महेन्द्र सेडाई, किशोर गौतम, घनश्याम दाहाल, शिवनारायण बजगाई रहेका छन् ।

होमराज खतिवडाको अध्यक्षता तथा इस्टुका केन्द्रीय उपमहासचिव मनोज खनालको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनमा केन्द्रीय सचिव यादवप्रसाद अधिकारी तथा पूर्व केन्द्रीय सदस्य बालकृष्ण दाहालको टोलीले अधिवेशनको संयोजन गरेको थियो ।

भद्रपुर झापा गोल्डकप तयारी तीव्र पारिदैं

भद्रपुर(प्रस) ।झापा जिल्लाकै सर्वाधिक पुरस्कार राशि रहेको भद्रपुर झापा गोल्डकप सम्पन्न गर्न १ करोड ५० लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

भद्रपुर झापा गोल्डकपका महासचिव तथा निवर्तमान नगर प्रमुख जीवनकुमार श्रेष्ठका अनुसार नेपाल , भारत तथा भुटानका गरी १० टिमको सहभागिता हुने गोल्डकपमा खेल व्यवस्थापन, पुरस्कार तथा सम्मान र खेलाडी व्यवस्थापनका लागि एक करोड ५० लाख रुपैयाँ खर्च हुने भएको हो ।

आयोजक टिम भद्रपुर ११ मा नेपाल तथा क्यामरुनका ख्यातिप्राप्त ए डिभिजनका खेलाडी सहभागी हुने श्रेष्ठको भनाइ छ । यस्तै नेपाल आर्मी ,नेपाल पुलिस, सशस्त्र प्रहरी, संकटा, मनाङमर्स्र्याङ्दीलगायतका नेपालका ख्यातिप्राप्त ए डिभिजन टिमको प्रतियोगितामा सहभागिता रहने छ ।

आयोजक समितिका महासचिव श्रेष्ठका अनुसार प्रथम पुरस्कार १३ लाख र द्वितीय पुरस्कार ७ लाख राशिको रहेको छ ।

गोल्डकपलाई निरन्तरता दिन संस्था विधिवत दर्ता गरिएको छ भने भद्रपुर झापा गोल्डकपको आजीवन सदस्य बनाउदै लगिएको छ ।

मेची रंगशालामा हुने गोल्डकपको लागि खेलमैदानलाई खेल्न योग्य बनाउने काम तीव्र गतिमा भइरहेको छ । आयोजक समितिले नेपाल तथा भारतका समेत खेलप्रेमी दर्शकलाई मध्यनजर गर्दै यातायात तथा सुरक्षा व्यवस्था मिलाउने छ ।

गोल्डकपमा जेष्ठ नागरिक र अपाङ्गता भएकालाई निःशुल्क हेर्न दिने व्यवस्था मिलाइने छ भने भद्रपुर नगरपालिकाभित्रका सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई समेत आलोपालो खेल हेर्न दिइने श्रेष्ठले बताए ।

भौतिक पूर्वाधार भएर पनि झापाको भद्रपुरस्थित मेची रंगशाला दुई दशकयता खेलविहीन अवस्थामा छ । यस्तो शून्यता हटाउन भद्रपुर नगरपालिकाले पहिलो पटक नीतिगत रूपमै बजेटमा समेटेर मेची रङ्गशालालाई चलायमान बनाउन 'भद्रपुर झापा गोल्डकप' को आयोजनाका लागि वातावरण तयार पारेको हो । नगरपालिकाको संरक्षणमा भद्रपुर झापा गोल्डकप आयोजक समिति निर्माण गर्दै यही फागुन ७ गतेबाट राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी सहभागी हुने गरी ए डिभिजन स्तरीय प्रतियोगिता सम्पन्न हुन लागेकोमा स्थानीय नागरिकमा उत्साह थपिएको छ । सुस्त बन्दै गएको भद्रपुरको आर्थिक तथा व्यापारिक गतिविधि बढ्नेमा स्थानीय विश्वस्त हुने वातावरण बन्दै गइरहेको नगर प्रमुख गणेश पोखरेलको भनाइ छ ।

पोखरेलले १० लाख दिने

भद्रपुर(प्रस) । झापा जिल्लाकै सर्वाधिक पुरस्कार राशि रहेको भद्रपुर झापा गोल्डकपका लागि आर्थिक संकलन जुट्ने क्रममा रहेको छ । यसक्रममा भद्रपुरका युवा व्यवसायी दीपक पोखरेलले गोल्डकपका लागि १० लाख रुपैयाँ दिने घोषणा गरेको आयोजक समितिका अध्यक्ष दीपेश ढकालले जानकारी दिए । पोखरेल सौर्य एयरलाइन्स र ओम साई पाथीभरा हस्पिटल भद्रपुरका सञ्चालक हुन् । त्यस्तै प्रथम पुरस्कार राशि १३ लाख रुपैयाँ उद्यमी चण्डीराज ढकाल, टिकाराज ढकाललगायतले आफ्नो आमाबुबाको नाममा दिने जानकारी प्राप्त भएको अध्यक्ष ढकालले बताए । आइतवारसम्म प्रथम पुरस्कार राशिको टुङ्गो लाग्ने उनको भनाई छ । दोस्रो पुरस्कार राशिको बारेमा पनि कुराकानी भइरहेको छ । म्यान अफ द सिरिजको पुरस्कार राशि स्व. भैरवप्रसाद रिमालको परिवार र बेस्ट गोलकिपरको नगद पुरस्कार स्व. मनोज रिमालका परिवारजनले दिने उनले बताए ।

दमक...

एमालेसम्बद्ध राष्ट्रिय वाणिज्य संघको नगर उपाध्यक्षको भुमिकामा समेत रहेका गुरागाँईलाई संगठनले अन्तिम समयमा आएर अध्यक्षमा उम्मेदवार नबनाई बिमल खतिवडालाई बनाउने भएपछि आफू अन्यायमा परेको भन्दै विद्रोह गरे । वाणिज्य संघमा आवश्यक नेता र सम्भावना बोकेको पात्रका रुपमा लिएको कांग्रेसले गुरागाँईको एमाले बहिर्गमनलाई उपयोग गर्दै संघको अध्यक्षमा साझा उम्मेदवारका रुपमा प्रस्तुत गर्यो । उनलाई अधिकांश व्यवसायीहरुले समर्थन जनाए र राजनीतिक रुपमा समेत राप्रपा र जसपाले उनलाई अध्यक्षको उम्मेदवार स्वीकार गरेपछि चुनावी मैदानमा होमिए ।

एउटा निश्कलंक र निर्विवाद पात्र

वाणिज्य संघमा आफनो कार्यकालका अनुभवहरु धेरै छन् । जिम्मेवारी बहन गर्ने सिलसिलामा कसैसंग पनि अहिलेसम्म विवादमा परेनन् । उनको कार्यकाल हरेक पटक निर्विवादित बितेको इतिहास छ ।

आफ्नो बारेमा आफैंले भन्नुभन्दा समाजबाट आउने प्रतिक्रियालाई महत्व दिने उनको स्वभाव छ । गुरागाँई भन्छन्- वाणिज्य संघमा स्वाभाविक रुपले व्यावसायिक कुराहरु नै आउँछन् । ती कति बिषय व्यवसायीका विरुद्धमा पनि आए, कति व्यवसायीको पक्षमा पनि आए मैले निर्वाह गरेको भुमिका कस्तो रहयो ? त्यो मसंग भन्दा पनि व्यवसायीहरुसँगै त्यसको जवाफ छ । त्यो उहाँ (व्यवसायी साथीहरु) ले नै महसुस गर्ने कुरा रह्यो । निरन्तर वाणिज्य संघका हरेक पदबाट अपग्रेड गराउनु हुने मतदाताका एजेण्डाका बारेमा आफू जानकार रहेको गुरागाँई बताउँछन् । गुरागाँई भन्छन् - मतदाताले मत दिइसकेपछि अपेक्षा पक्कै राख्नु भएकै हुन्छ यसपटक पनि मबाट धेरै अपेक्षा राख्नु भएको छ मैले हाम्रो टिमका तर्फबाट गर्न सक्ने कुराहरु व्यवसायीहरुमाझ राखेर भोट मागेको छु ती कुराहरु पूरा गर्न हाम्रो टिम प्रतिबद्ध छ । आफूहरुले व्यवसायीमाझ सस्तो लोकप्रियताका लागि झुटा आश्वासन बाँडने, प्रलोभन देखाउने काम नगरेको भन्दै गुरागाँईले भने- हामीले व्यवसायीहरुका हरेक समस्याको समाधानका लागि सहजीकरणको भूमिका निर्वाह गर्नेछौं । बुँदागत रुपमा ती प्रतिबद्धताहरु मतदाता माझ पुर्‍याएका थियौं । त्यसैलाई हेरेर हाम्रा हिजोदेखि आजसम्मका गतिबिधिहरुलाई मूल्याङकन गरेर उहाँहरुले मत प्रकट गर्नुभएको हामीले महसुस गरेका छौं ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

फोहोर व्यवस्थापनबारे
नगरबासीमा अनुरोध

- बिर्तामोड नगरपालिकालाई सफा, सुन्दर र हराबरा बनाउनका लागि यही फागुन १ गतेदेखि फोहोर वर्गीकरणको प्रक्रिया लागु हुने भएको हुँदा घर, पसल, कार्यालय, होटल, रेष्टुरेन्ट, फार्मेसी लगायत सम्पूर्ण व्यापारी व्यवसायीहरुले अनिवार्य रुपमा कुहिने, नकुहिने प्लास्टिकजन्य र सिसा तथा धातुजन्य गरी ३ भागमा विभाजन गरौँ ।
- फोहोर वर्गीकरणको प्रक्रियालाई बेवास्ता गरी वर्गीकरण नगरी राखेमा उक्त फोहोर उठाउन नगरपालिका बाध्य हुने छैन । साथै, उक्त फोहोर व्यवस्थापनको जिम्मेवारी समेत स्वयम् घर, पसल धनीले लिनु पर्नेछ ।
- सडकको दायाँबाया, बिजुलीको पोल भएको ठाउँ लगायत कुनै पनि सार्वजनिक स्थलमा फोहोर बिसर्जन नगरौँ । यदि त्यसो गरेको पाइएमा प्रचलित कानुन अनुसार पाँच हजार रुपैयाँदेखि ५० हजार जरिवाना तथा कारबाही हुने व्यहोरा जानकारी गराउँदछौँ ।
- तपाईको सहयोगले नै नगर समृद्व, व्यवस्थित र सुन्दर सफा हुने भएकोले नगरपालिकाले जारी गरेको सूचना कार्यान्वयन गरौँ ।
- फोहोर लिन आउने गाडीलाई वर्गीकरण गरेको फोहोर मात्र दिएर सहयोग गरौँ ।
- फोहोर व्यवस्थापन सम्बन्धी कुनै पनि समस्या तथा जिज्ञासा भए आफ्नो नजिकको वडा कार्यालय, नगरपालिका अथवा टोल विकास संस्थासँग सम्पर्क गरौँ ।
- फोहोरलाई वर्गीकरण गरेर जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौँ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, झापा

गुगल रेष्टुरेन्ट एण्ड बार
शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , म:म , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।
स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्
गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
इन्टरनेट केवल तथा टि.भी केवल तार व्यवस्थापन सम्बन्धी सार्वजनीक सूचना

यस बिर्तामोड नगरपालिका अर्न्तगतका नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले विस्तार गरेका बिजुलीका पोल तथा टेलिकमका पोलहरुमा विभिन्न इन्टरनेट केवल तथा टि.भि केवलले जथाभावि रुपमा केवल तारहरु झुन्ड्याई नगरको सौंदर्यतालाई समेत असर पार्ने गरी राखिएको पाइएकाले अब उप्रान्त उक्त कार्य रोकी निम्न बमोजिम गर्न गराउनु हुन भनि यस अगावै सेवा प्रदायक संस्थाहरुलाई लेखि पठाइएकोमा हाल सम्म पनि उक्त कार्य नभएको पाईएकोले आजका मितिले ३५ दिन भित्रमा निम्नानुसारको कार्य गर्न/गराउनु हुन जानकारी गराईन्छ । साथै उक्त अवधिमा सो कार्य नभएको पाईएमा नगरपालिकाले कानून बमोजिम कार्वाहि गर्ने समेतको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
निम्न:-
१. आफ्नो केबलको पहिचान हुने गरि लेवल (ट्याग) लगाउने ।
२. इनएक्टीभ तार सबै हटाउने ।
३. कानून बमोजिम रजिष्ट्रेसन नभएका केवलहरुले रजिष्ट्रेसन गर्ने ।
४. सम्झौता नभएका संस्थाले सम्बन्धित पक्षसँग सम्झौता गरि पेश गर्ने ।
बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन अभिव्यक्ति

कविता

तिमीलाई भुल्न सकूँ

• गणेश ओली

एकल सफर कठिन छ हर्ष हुँदै हुँदैन
उमङ्ग सबै आए पनि मन प्रसन्न हुन्न
स्वप्नामा आऊ भनी मैले पुकार गरेको थिएँ
नआए पनि नआऊ अब मैले त भुलिसकेँ ।

तिम्रा मलामी घरैबाट आगो लिएर गएँ
चितामाथि नै सुताएर आगो पनि छाडिदिए
मेरा लागि कोमल शरीर जलेर नष्टै भयो
जीवनको एकल यात्रा त्यहीँबाट शुरु भयो ।

मृत्युका स्वरूप धेरै रहेछन् स्वीकार्नु पर्छ
कुनै बाध्यात्मक, स्वेच्छिक त कालगतिमा हुन्छ
तिम्रो स्वाभाविक मृत्यु विधि अनुसारै भएछ
संसार हेरेर मैले धैर्य गर्नु पर्ने रहेछ ।

तैपनि तिमी नरहँदा खल्लो अनुभूति हुन्छ
अन्तर हृदयले घरिघरि तिमी खोजिदिन्छ
कति छटपटाउ तिमीलाई नभेटन सकूँ
बरु विष्मृति होस् तिमीलाई सँधै भुल्न सकूँ ।

लक्ष्य

• सुरेन्द्र शाही 'गुलाब कान्छो'

स्वभाविक हो
पुराना याद आइरहनु
तड्पिनु, चिन्तित हुनु
र, धेरै सोचिरहनु ।

तै पनि सबै अतीतको
काल कोठरीमा जाकिएका
कैदी बन्दीहरूजस्तै
झल्को
याद
माया
तृष्णा
सम्झना आदिलाई
एक सपना सम्झिएर
बसिरहनुको विकल्प
सिवाय के नै रह्यो र !
यो उकुसमुकुस
यो कौतुहलता
यो छट्पटी पनि
बडो अजीबको हुँदोरहेछ ।

मन कहिल्यै पनि
सिन्धुजस्तो बन्नै सक्दैन
बनिरहन्छ त केवल
बर्खायमको खहरे भेल,
बाढी-पहिरोजस्तै
अमनचैन र शान्ति
अहँ, कतै भेटिएन
खै किन यो मन पनि
अतीततिरै फर्किन खोज्छ ?
तर
जसको सम्भावना निकै न्यून छ
जिन्दगी धेरैअगाडि बढिसक्यो
अतितलाई छोडी सकेर
बस्
अब वर्तमान जिउनु छ
भविष्य भेट्नु छ
जहाँ मेरो लक्ष्य
मलाई नै कुरिरहेको छ
ऊ भन्दै छ, अझै संघर्ष गर
मलाई पाउन त्यति सजिलो छैन
चाह्यो भने गाह्रो पनि छैन
तेरो जिन्दगीका
तमाम घुम्तीहरू
उकालीओरालीहरू
उर्वर हरियालीहरू
सुख्खा मरुभूमिहरू
साँघुरा खोंचहरू
फराकिला फाँटहरू
कैयौं पीडा र दुःखहरू
आदिआदिआदि सबै
यात्रामा सामेल होऊन्
जसले तँलाई
मसामु पुग्न
तेरो लक्ष्यसामु पुग्न
खुट्किलाको काम गरोस्
जस्तोसुकै कठिनाइमा हार नमान्नू
आँट गर्नु साहस गर्नु
अनि एक दिन पक्कै
त्यो सुनौलो दिन हुनेछ
जुन दिन लक्ष्यसँग भेट हुनेछ ।

मेरो मनको भावलाई बुझिदिनू होला है !

• विनोद सापकोटा

बेलुकीको खाना खाएर म खाटमा पल्टेको मात्रै थिएँ। फोनको घन्टी बज्यो। फोन उठाउँ कि नउठाउँ भएँ। उनले यसअघि मलाई खासै फोन गर्दिन थिइन्। गरे पनि फेसबुक म्यासेन्जरमै गफ हुन्थ्यो। त्यो पनि निकै औपचारिक । रातको आठ बजे आएको फोनबारे सोच्दासोच्दै फोनको घन्टी सक्किसकेछ। अब फेरि म फोन आउँला नआउँला भनेर सोच्नुअघि नै उनको म्यासेज आयो- 'हेल्लो जी, म गोरखा आएकी छु।' उनको यो म्यासेज देखेर म आफैले उनलाई फोन गरेँ। पर्सिपल्ट भेट्ने कुरा भयो मुग्लिनमा । उनको बसाइँ काठमाडौँ, मेरो चितवन। उनी काम विशेषले गोररखा आएकी रहिछन्। हामी दिनहुँजसो पनि गफ गर्दैनौँ तर आत्मियता निकै नजिकको छ। जहिले कुरा भए पनि सामान्य प्रतिक्रिया। सधैं कुरा भैरहेको जस्तो। उनले भेट्ने दिन बिहानै फोन गरेर आफू घरबाट निस्किसकेको बताइन्। उनलाई भेट्ने भन्ने बित्तिकै मन आत्तियो- कस्ती छिन् होला? कस्तो भएर आउँछिन् होला? योभन्दा अघि उनको बारेमा मेरो मनले कहिल्यै सोचेको थिएन, भेट्ने कुराले भने मनमा धेरै कुरा खेल्दै थियो। उनको र मेरो टिकटकबाट चिनजान भएको थियो। यो हाम्रो पहिलो भेट हुने वाला थियो। पेशाले उनी पत्रकार हुन्। म पनि कसरी उनको अघि 'वाउ!' देखिने भनेर लुगा नाप्दै थिएँ। उनले म दुई घण्टापछि मुग्लिन आइपुग्ने बताएकी थिइन्। एक घण्टा त बितिसकेछ। अब म हिँड्नुपर्छ भनेर सोच्दै थिएँ, उनले मेरो फेसबुकमा म्यासेज गरिन्। 'हेल्लो जी, सुन्नुस् न मैले मोबाइल हराएँ बाटोमा। म साइबरमा आएर हजुरलाई म्यासेज गरेको, मोबाइलमा फोन लाग्छ तर उठ्दैन। कता हरायो थाहा छैन, अफिसको धैरै फाइल थिए अब के गर्ने टेन्सन भएको छ।'

उनको यो म्यासेजले म अक्क न वक्क भएँ। नहौँ पनि कसरी? भेट्ने रहरले मनमा लड्डु फुर्दै थियो। मैले तपाईंको छेउछाउमा कोही मान्छे होला नि एकचोटि उहाँको नम्बर मागेर दिनुस् न फोन गर्छु भने। उनले नम्बर पठाइन्, मैले कल गरेर भनेँ- 'मिस नआत्तिनुस, गाउँमा हराएको चिज भेटिन्छ। त्यहाँ चौकीमा रिपोर्ट गर्नुस्।' मैले भन्नुअघि नै उनले गरिसकेको जवाफ फर्काइन् अनि हाम्रो आज हुने भनिएको भेट रद्द भयो। म दिनभर उनकै बारेमा सोच्दै बसेँ। कहाँ हराइन् ? कसरी हराइन्? आज काठमाडौं फर्किन् कि फर्किनन् होला? यस्तै यस्तै। धेरै कुरा मनमा खेले उनको लागि। उनको मोबाइलमा मैले पटक-पटक फोन गरिरहेको थिएँ। फोन लागेको छ प्रत्येक चोटि तर उठ्दैन। बेलुकी उनले फोन गरेर जानकारी गराइन्- 'फोन गोरखाबाट काठमाडौं जाने गाडीले भेटाएको रहेछ। काठमाडौंमा दिदीले लिनुभयो, म भोलि फर्किन्छु काठमाडौं। अर्को चोटि आउँदा भेटौँला।' मैले हस् भन्ने जवाफ दिएँ। त्योभन्दा अरु के नै भन्न सक्थेँ र! दिनहरू बितिरहेका थिए। सामान्य व्यक्ति, सामान्य जीवन। बिहान सबेरै उठ्यो, घरमा काम भए गर्यो नभए आमाले पकाएको खाना खायो अफिसतिर लाग्यो। यसैगरी दैनिकी चलिरहेको थियो। कहिलेकाहीँ फेसबुकमा उनीसँग गफ हुन्थ्यो। स्थानीय निर्वाचनमा उनी फेरि गोरखा आउने भइछिन्। उनले यो पटक पक्का भेट्ने विश्वास दिलाइन्। पहिलो पटक नि यही भनेर आएकी थिइन् तर भेट्ने अवसर मिलेन। यसपालि चाहिँ केही अप्ठ्यारो नपरोस् भन्दै मनमनै पुकारेँ। निर्वाचनको भोलिपल्ट मुग्लिनमा भेट्ने कुरा भयो।

भोलिपल्ट बिहानै उनले कल गरेर 'म एक घण्टामा मुग्लिन आइपुग्छु तपाई आउनूहोला' भनेर फोन राखिदिइन्। म ओछ्यानमै थिएँ उनको फोन आउँदा। जुरुक्क उठेर तयारी हुन लागेँ। हाम्रो घरमा फेरि चुलोचौकाको काम जसले भ्याउँछ उसले गर्नुपर्छ। त्यही दिन बाबा बिहानै मावलीतिर लाग्नुभएछ। आमा महिनावारी हुनुभएछ। भान्सामा खाना पकाउने मेरै काम रहेछ। मलाई सबै सक्नुपर्ने भयो। यता घरमा काम सकेर मुग्लिन पुग्नुपर्ने भयो। उनी मुग्लिन आइपुगेर कल गरिन्- 'हेल्लो जी, म आइपुगेँ। तपाईंलाई कति टाइम लाग्छ?' भर्खर बाइक स्टार्ट गरेको थिएँ। अब म उनलाई के भनौँ? भर्खर हिँडेको भनौँ भने उनी आइसकेकी छिन्, कुर्नु पर्दा आत्तिन्छिन् होला। आइपुग्न लागेँ भनौँ भने मेरो बाटो हेर्दै बस्लिन्। मैले उनलाई 'मलाई तीस मिनेट जति लाग्छ, जाम छ बाटो। जाम भएन भने छिट्टै आइपुग्छु' भनेको थिएँ। भरतपुरदेखि मुग्लिनको दूरी ३७ किलोमिटर थियो। म बाइकको रफ्तारलाई हावामा उडाए झैं उडाएँ। उनले एक घण्टा पन्ध्र मिनेट कुरिन्। मुग्लिन बजारको टाढैबाट मैले उनलाई देखेँ, कालो रंगको वान पिसमा पातलो लेगेन्स, गुलाबी रंगको ब्याग, कालो जुत्ता, मोटी पनि होइन, दुब्ली पनि होइन, काली काली हिस्सी परेकी। गोलो अनुहारमा कतै-कतै डन्डिफोरका दाग। बाइक लगेर उनको अगि घच्चक ब्रेक लगाएँ। मिठो लज्जास्पद मुस्कानले मलाई स्वागत गरिन्।

उनीसँगको पहिलो भेट थियो। यो अघि कुनै केटी साथीलाई म यसरी भेट्न गएको थिइनँ। मुग्लिन पुलसँगै जोडिएको होटलमा खाना खाने भनेर हामी त्यहाँ गयौँ। दुई ठाउँमा माछा र खानाको अर्डर गरियो। खाना आयो, खानासँगै कपालको रौँ पनि परेछ। वेटरले अर्को ल्याइदिए। कामको कुरा, राजनीति कुरा, टिकटकका कुरा, चिनजानदेखि अहिलेसम्म बिताएका दिनहरूको कुरा सबै हामीले खोल्न भ्यायौँ। मेरो टिकटकमा राम्रै क्रेज थियो। घर बाहिर निस्केपछि तपाईंलाई टिकटकमा देखेको थिएँ भन्ने कोही न कोही भेटेकै हुन्थेँ। त्यहाँ पनि खाना खाँदै गर्दा एकजना केटा मान्छेले टिकटकमा भेटेको थिएँ भनेर गए। मसँगै उनी पनि खुसी हुँदै थिइन्। उनलाई म मिस भनेर सम्बोधन गर्थें, उनी मलाई 'हेल्लो जी' भन्थिन्। भेटमा भने उनले सुन्नुस् न जी, यस्तो हो जी, यसरी बोल्दै थिइन्। 'कि नामले बलाउनू, कि सर भन्नू यो जी भनेको चाहिँ के हो मिस?,' मैले उनलाई प्रश्न गरेँ। उनले भनिन्, 'फोनमा प्रायः सुरुमा बोल्दा हेल्लो भन्ने बानी छ अनि आफूले रेस्पेक्ट गरेको मान्छेलाई नामले बोलाउन अप्ठ्यारो लाग्छ। त्यसैले हेल्लो जी भन्ने गर्छु। मेरो लाइफमा चार/पाँच जना व्यक्ति हुनुहुन्छ जसलाई म एक्दमै रेस्पेक्ट गर्छु। उहाँहरूले पनि मलाई माया गर्नुहुन्छ, इज्जत गर्नुहुन्छ। केटीलाई इज्जत, माया भन्ने कुरा नै सबैभन्दा ठूलो सम्पत्ति हो जस्तो लाग्छ।' समाचार जस्तै स्पष्ट थिए उनको जवाफ। हामी खाना खाएर त्यहाँबाट निस्कियौँ। बाइकमा म उनलाई राखेर खैरेनीको पावर हाउस पुगेँ।

'उनले काठमाडौं जाने मान्छेलाई किन यता ल्याउनु भएको होला? उतै लगेको भए बाटो छोटिन्थ्यो' भनिन्। हो जस्तै लागेर बाइक फर्काउँदै मैले उनलाई हाम्रो यो भेटको कहानी लेख्नुस् है मिस भनेँ। तर उनले सिधैँ नाई भनिन्। 'म समाचार लेख्छु, घटेको घटना बारे, अनि म साहित्य लेख्छु कल्पना बारे। हामीबीच लेख्नुपर्ने त्यस्तो खास के छ र?' साँच्चै उनीमा पत्रकारिताको छाप परेको नै रहेछ, हरेक कुरामा प्रश्न कडा गरिरहिन्। मुग्लिन पुलमा फोटो खिच्न भनेँ मैले। उनले मेरो फोटो भिडिओ खिचिदिइन्। उनले खिचेको फोटो भिडिओ तारिफ गर्न योग्य थिए। उनीसँगको भेटले आज भेटेको जस्तो महसुस नै भएन। बच्चादेखि सँगै हुर्केका दौँतरी जस्तो महसुस भएको थियो। उनी निकै छिटो नजिक हुँदी रहेछिन्, म जस्तै। हामी बाइकमा अगाडि बढ्यौं। उनले काठमाडौं नै जान आग्रह गरिन् तर म आज जान सक्ने अवस्थामा थिइनँ। बाइकको ऐनामा उनलाई मैले पढेको थिएँ। मनको कुनामा केही गुनासो लुकाएको जस्तो भाव उनको आँखामा झल्किरहेको थियो। मैले त्यो भाव हटाउन 'मिस के भयो?' भनेँ। उनले हत्तपत्त ती गुनासो लुकाएर आँखालाई टाठो बनाउँदै भनिन्, 'हेर्नुस् न यो प्रकृति, आफै स्वच्छ हुँदा पनि अरुले दुषित बनाइदिएका छन्।' उनका शब्दको म अर्थ खोज्दै थिएँ। मलाई बाटो काटेको पत्तो नै भएको थिएन। उनले बाइक यतै कतै गाडी पाउने ठाउँमा रोक्न लगाइन्। कुरिन्टार पुगेर मैले बाइक रोकेँ। काठमाडौं जान उनलाई ढिला हुनसक्छ भनेर अब हामी छुटिने भयौँ।

चुनावको माहोलले गाडी भरिभराउ थिए। बुटवलको गाडी अलि खाली जस्तो थियो, रोकेको त क्याबिन मात्रै खाली थियो। मलेखुबाट सिट खाली हुन्छ बस्नुस् भन्यो सहचालकले। उनी पनि हुन्छ भन्दै बसमा चढ्दै मलाई बाईबाईको संकेत गरिन्। मैले पनि मुन्टो हल्लाएर जवाफ दिएँ। बस गएको केही बेर म त्यही रोकिएँ। उनले फोन गरिन् र सोधिन्, 'जानुभयो हजुर?' उनले जी हटाइन्, खै किन हटाइन! मैले जवाफमा भनेँ, 'छैन जी, अब निस्किन्छु।' उनी खित्का छोडेर हाँसिन्। मलाई मनमा आनन्द मिल्यो। हस् राख्छु भनेर फोन टुंगियो। मनमा अनेकौं कुरा खेले, उनैको बारेमा। उनले मेरो बारे सोचिन् कि सोचिनन् होला? यो प्रेम थियो कि मित्रता? यदि प्रेम थियो भने हामी किन यति धरै औपचारिक छौँ?

मित्रता हो भने उनलाई म यति धेरै गहिरिएर किन सोच्छु? यस्तै तर्क वितर्क गर्दै-गर्दै म घर आइपुगेँ। बेलुका उनीले पनि आफू पुगेको भनिन्। भेट्ने रहर थियो पूरा भयो। उनी र मेरो बेलामौकामा गफ भैराख्छ। फोनमा भेट हुन त जुराउनै पर्छ जस्तो छ। उनी निकै आत्मीय छिन्, खुसी रहन्छिन्, संघर्षशील छिन्। उनको बारेमा मनमा धेरै कुरा खेल्छन् तर भन्न डर लाग्छ। उनले मलाई गरेको सम्मान नघटोस् भन्ने मेरो चाहना छ। हाम्रो भेटको बारेमा मैले मिसलाई धेरै चोटि लेख्न आग्रह गरेँ तर खै किन मान्नु भएन। 'लेख्ने कसरी म सिकाउँछु, सुरु गर्नुस्' भन्नुभयो। अनि मैले यो लेख्न सुरु गरेको थिएँ। यो लेख तपाईंले पक्कै पढ्नुहुन्छ। यो पढेर मेरो मनमा तपाईंको लागि भएको भावलाई बुझिदिनू होला है मिस!

यसरी भयो हाम्रो पुनर्मिलन !

• सुरज रेग्मी

ऊ खास थियो मेरो लागि। ऊ नहुँदा साह्रै नरमाइलो अनुभव भएको थियो मलाई। प्रतिभाशाली थियो ऊ। नेपाल हुँदा मलाई केही समस्या परेमा उसैलाई भन्थेँ। उसले तुरुन्त समाधान निकाल्थ्यो। साँच्चिकै गाह्रो भएको थियो मलाई ऊ नहुँदा। म रित्तिएकी थिएँ ऊबिना, म खालीखाली थिएँ। सोच्थेँ, एउटा मान्छेको मायाले कति फरक पर्दछ हैं जिन्दगीमा! फेरि पनि साह्रै अप्ठ्यारो हुँदा त उसैलाई सम्झन्थेँ। फेसबुकमा कल गरेर सोध्थेँ। तत्काल फोन उठेन भने पनि कल ब्याक गर्थ्यो। उतैबाट मलाई समाधान सुझाउँथ्यो। धेरै समय मलाई दिन चाहेर पनि पाउँदैन थियो ऊ। विश्वविद्यालयको काम, अनुसन्धान, गृहकार्य, अध्ययनले गर्दा ऊ निकै व्यस्त थियो। सप्तान्त बिदामा अलि लामो कुरा हुन्थ्यो। विशेष म, छोरी, बुवाआमा र अफिसका साथीहरूलाई सबैभन्दा मिस गरेको कुरा सुनाइरहन्थ्यो। ऊ र म काम गरेको परियोजनाको प्रगति सोध्थ्यो, पढाइ सकेपछि फर्कने कुरा गर्थ्यो। विदेशमा नेपालीले प्रगति गरेको कुरा सुनाउथ्यो। विदेशका दुःखका कुरा गर्थ्यो। उताको सुविधाका कुरा गर्थ्यो। पढाइ सकेपछिका सम्भावनाको कुरा गर्थ्यो। यता दिन हुँदा उता रात हुन्थ्यो। साँच्चिकै कुरैकुरामा दिनरात बितेको पत्तो हुँदैनथ्यो हामीलाई। मेरा सबै पीडा ऊसँग पोख्थेँ। मलाई लाग्थ्यो ऊसँग मेरा सबै समस्याको समाधान छ।

उसले धैर्य राख्न भन्थ्यो र समयले सबै समस्याको समाधान गर्छ भन्थ्यो। एक्लै सानो बच्चा अनि काम, चाहेर पनि केही गर्न नसक्ने अवस्था उसलाई बताउथेँ। स्वास्थ्यले पनि त्यति साथ दिएको थिएन, कडा परिश्रम गर्न गाह्रो हुन्थ्यो मलाई।

मेहनती थियो, लगनशील थियो, अरुभन्दा बहुआयामिक थियो ऊ। ऊजस्तो मान्छेको साथ पाउनु आफैलाई भाग्यमानी ठान्थेँ म कहिलेकाहीँ। कहिले महाभारतमा अर्जुनलाई कृष्णले सम्झाए जस्तो मलाई सम्झाउँथ्यो। कहिले जीवन दर्शनका कुरा गरेर र उदारहण दिएर मलाई ढाडस दिन्थ्यो। बोली, व्यवहार, क्षमतामा असाधारण थियो ऊ। ऊसँग कुरा गरिसकेपछि ममा बेग्लै उर्जाको संचार हुन्थ्यो, अलौकिक आनन्दको महसुस गर्थें। मेरा सबै पीडा ऊसँग पोख्थेँ मानौँ ऊसँग मेरा सबै समस्याको समाधान छ। आजभोलि गर्दागर्दै दिन बित्न के बेर। ऊ गएको पनि छ महिना भैसकेको थियो। केही समयपछि खै किन हो ऊ र म बीचमा कुराकानी कम हुन थाल्यो। यता म अलि बेचैन हुन थालेँ। जति फोन, म्यासेज गर्दा पनि मतलब गर्न छाड्यो उसले। मनले राम्रो सोच्न छाडिसकेको थियो। कतै ठूलो बिरामी पर्यो कि, दुर्घटनामा पर्यो कि? लोग्ने मान्छेको भर हुँदैन भन्छन् ! भर गरेको मान्छेले एकाएक छाड्दा साह्रै नमजा लाग्ने।

एकदिन बल्ल-बल्ल फोन उठायो उसले। म धेरै नै रोएछु, ऊसँग फोनमा के भनिछु धेरै आफैलाई थाहा छैन। 'तपाईं नेपाल हुँदा गरेका वाचा सम्झनुस् त! तपाईं नेपाल फर्कँदा मलाई राम्रो देख्न पाउनुहुन्न, पागल भइसक्या हुन्छु। मलाई उद्दार गर्नुस्। त्यहाँ मलाई पनि पढ्ने केही जोहो गरिदिनुस् न प्लिज। मैले यहाँ कसैलाई देखाउनु छ, मैले केही गर्नुपर्ने छ, कम्तीमा मेरी छोरीको लागि।' यत्ति भनेको याद छ मलाई। यसले उसलाई निकै छोएछ क्यारे, त्यो सुनेपछि ऊ एकाएक गम्भीर बन्यो र मलाई निकैबेर सम्झायो। सकेसम्म सहयोग गर्ने वचन दियो। यता शिशिर याम सकिएर वसन्त लागेको थियो। दिनहरू घमाइला थिए। जाडो क्रमशः घट्दै थियो। यी दिनहरू पहिला आफैमा मधुमास लाग्थे मलाई, आजकल रमाइलो लाग्न छाडेको थियो। आफ्नो मन खुसी भए न सबै रमाइलो लाग्ने रहेछ। एकदिन अचानक उसैले फोन गर्यो, उसको विश्वविद्यालयको कुनै प्रोफेसरले मेरो विषयसँग सम्बन्धित विद्यावारिधिको लागि अनुसन्धान सहायक खोजेको र मेरो योग्यता र अनुभव मिल्ने बतायो। ती प्रोफेसरसँग मेरो बारेमा कुरा गरिसकेको हुँदा र तुरुन्तै मेरो बायोडाटा पठाउन भन्यो। मैले धेरै समय भएको थियो बायोडाटा अपडेट नगरेको। घरमा सानी छोरीको हेरचाह र घरधन्दाले चाहेर पनि मैले केही गर्न पाउन्न थिएँ। बल्लबल्ल एउटा पुरानो बायोडाटा खोजेर पठाएँ। उसैले अपडेट गरिदियो। मैले दस्तखत मात्र गरेर प्रोफेसरलाई मेल गरेँ ।

केही दिनपछि प्रोफेसरको टिमले मेरो अन्तरवार्ता लिने सम्बन्धी इमेल आयो। मैले उसलाई भनेँ । उसले अन्तरवार्ता तयारीको लागि सामग्री खोजेर पठायो, आफूले जानेको टिप्सहरू मलाई भन्यो। अन्तरवार्ता राम्रै भयो। त्यसको केही हप्तापछि विश्वविद्यालयले विद्यावारिधिको लागि मलाई अफर लेटर पठायो। सबैभन्दा पहिला उसलाई नै खबर गरेँ। तिमीभन्दा म खुसी छु कयौं गुना भन्थ्यो ऊ। मैले जिस्कँदै खुब भन्थेँ। महोदय, कोही कसैसँग भएर खुसी हुने होइन खुसी त आफ्नो भित्रबाट हुने हो भन्थेँ उसलाई। उसले सुने पनि नसुने झैं गर्थ्यो। केही दिनमै अफर स्वीकार गरेर दस्तखत गरी विश्वविद्यालयलाई फर्काएँ। विश्वविद्यालयका सबै प्रक्रिया पूरा गरी भिसा अप्लाई गरेँ । सबै खर्च डलरमा लाग्ने हुँदा उसले नै सबै तिरिदियो उतैबाट। निकै सजिलो भयो ऊ उता भएर मलाई । कार्यरत संस्थामा अध्ययन बिदाको लागि आवेदन दिएँ। आजभोलि गर्दागर्दै भिसा अन्तरवार्ताको दिन आयो। अनुसन्धानवृत्तिसहित विद्यावारिधि अध्ययनको लागि भएको हुँदा मैले सजिलै भिसा पाएँ। सानी छोरीलाई माइत आमालाई छाडेर साउनको पहिलो हप्ता म अमेरिका उडेँ । ऊ मलाई लिन एअरपोर्ट आयो। उसलाई भेट्ने बित्तिकै म अंगालो हालेर रोएँ। उसको छातीमा टासिएँ र भनेँ- साँच्चिकै समयमा नेपालमा हामीले बुनेका योजना आज पूरा भएको छ। समयले केही समय हामीलाई अलग राखे पनि हाम्रो पुनर्मिलन भएको छ । ऊ र म अहिले एउटै अपार्टमेन्टमा बस्छौं । उसले पढाइ सकेर नेपालको सडक विभागजस्तै स्टेट डिपार्टमेन्ट अफ ट्रान्सपोर्टमा सरकारी जागिर गर्छ भने मेरो विद्यावारिधि पूरा हुने क्रममा छ । जे निर्णय गरेर हामी यहाँसम्म पुग्यौँ, हामीलाई त्यसको कुनै पछुतो छैन । बरु जे पाइयो त्यो गुमाएको भन्दा निकै धेरै छ भन्ने लागेको छ । अहिले हामी पहिलेको भन्दा निकै खुसी छौं। हामीलाई केही गर्न सक्दैनन् भन्नेलाई जिन्दगीमा गतिलो पाठ सिकाएका छौं ।

सोनाम ल्होसार

HAPPY
SONAM LHOSAR
ल्हास्सो फ्याफुल्ला

तामाङ समुदायको पृष्ठभूमि

तामाङ समुदायबारे लेखिएका विभिन्न पुस्तकहरू अनि शोधहरू अध्ययन गर्दा 'ता' भन्नाले घोडा अनि 'माङ' भन्नाले लडाकुहरू भन्ने बुझिन्छ । यस अर्थमा साहसीहरूको समुदाय तामाङहरू वास्तवमै आफ्नो साहस, वीरता अनि रण कौशलताका लागि नेपालमा मात्र नभई संसारभरि प्रचलित छन् । 'ल्होसार' शब्द 'ल्हो' अर्थात् वर्ष वा साल र 'छार' वा 'सार' अर्थात नयाँ भन्ने दुई शब्द मिलेर बनेको छ । यस दिन तामाङ समुदायले विशेष परम्परागत अनि सांस्कृतिक महत्वका साथ ल्होसार मनाउँदछन् । यसरी नेपालको उच्च पहाडी भेग र पहाडी भेगमा बसोबास गर्ने तामाङ समुदायलगायत उत्तर छिमेकी मुलुक चीनसहितका बौद्धमार्गीहरुको घनत्व रहेको क्षेत्रमा पनि आजको दिनलाई हर्ष बढाई गर्दै नयाँ वर्ष मनाउने गर्दछन् । तामाङहरूलाई प्रकृतिप्रेमी समुदायका रुपमा चिनिन्छ । विशेष गरी नेपालमा तामाङ जातिले सोनाम ल्होसारका अवसरमा कूल पूजा र प्रकृतिको पूजा गर्ने गर्दछन् । यस समुदायमा आज छोरीचेलीलाई बोलाएर टिका लगाइदिने गरिन्छ । सोनाम ल्होसार राष्ट्रिय पर्व भएका कारण राष्ट्रप्रमुखदेखि अन्य विशिष्ट ओहोदाका व्यक्तिहरूले समेत शुभकामना सन्देश दिने चलन छ । ल्होसार मनाउने समुदायमा 'ल्हो' अर्थात् वर्षहरू बाह्र वटा हुन्छन् । ती वर्षका नामहरूलाई मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुरजस्ता पशुपन्छी र जीवजन्तुका नामबाट राखिएको पाइन्छ । मुसाबाट सुरु हुने यी वर्षहरू जङ्गली बँदेल वर्षमा पुगेर सकिन्छ । वर्ष २०२३ चाहिँ खरायोको वर्ष हो । बाह्र वर्गका वर्षहरूलाई बाह्र राशीका रूपमा पनि लिने गरिन्छ ।

नेपालमा ल्होसार मनाउने प्रचलन

नेपालमा ल्होसार मनाउने प्रचलन चीन तथा चीन प्रशासित राज्यबाट भित्रिएको मानिन्छ, किनभने चिनियाँ पात्रोमा पनि नयाँ वर्षलाई विभिन्न पशुपन्छीका नामले सम्बोधन गरिन्छ । त्यसो त तामाङ समुदायले चिनियाँ पात्रोभन्दा बेग्लै अनि मौलिक आफ्नै पात्रोको प्रयोग गर्ने गर्दछन्, जसलाई 'चन्द्र पात्रो' भनिन्छ । बौद्ध धर्म अनुसार तामाङ जाति महायान सम्प्रदायका हुन् । तामाङहरूका अलावा ल्होसार पर्व शेर्पा, गुरुङ, मगर, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा र लेप्चालगायतका जातिले मनाउँदछन् ।

३ प्रकारका ल्होसारहरू

गुरुङले मनाउने ल्होसारलाई तोला ल्होसार, तामाङलगायतका जातिले मनाउनेलाई सोनाम ल्होसार, शेर्पा र भोटे जातिलगायतले मनाउने ल्होसारलाई ग्याल्पो ल्होसार भनिन्छ ।

विश्वव्यापी मनाइने सोनाम ल्होसार

सोनाम ल्होसार पर्व तामाङ जाति पुगेका नेपालसहितका अन्य मुलुकहरू सिंगापुर, मङ्गोलिया, मलेसिया, भारत, थाइल्यान्ड, भियतनाम, भुटान, लाओस, म्यान्मार, जापानलगायतका देशमा मनाइँदै आएको छ । आजको दिन यी देशहरूका अधिकांश बौद्धविहारहरु रंगीन र उल्लासमय हुन्छन् । रंगीन सजावटका ध्वजापताका अनि पुष्पद्वारलगायत अन्य मनमोहक सजावटले आज बौद्धविहार बडो गज्जब देखिन्छ । मुख्यतया डाँडाकाँडामा भएका नेपाली बौद्धविहारहरुमा गरिएको यस्तो सजावटले परैबाट आँखा तान्दछ, असीम आनन्दको अनुभूति हुन्छ ।

आज माघ शुक्ल प्रतिपदा भएकाले यस संवत्अनुरूप भने सोनाम ल्होसार हो, संवतले जेसुकै भनोस् शुभकामना अनि रौनकको यस ल्होसारको महिनाभरि नै सबैलाई स्वागत छ ।

सोनाम ल्होसारका अवसरमा घर बस्तीहरू सफा गरी बुद्धका चित्रहरू अङ्कित ध्वजापताकाहरू टाँगेर बुद्धको पूजा अर्चना गरिन्छ । कतिपय ठाउँमा जात अनुसारका गाउँका लामा र मुखियाको उपस्थितिमा सबै जना एकै ठाउँमा भेला भई नाचगान रमाइलो पनि गरिन्छ । यसरी गाइने अनि नाचिने गीतहरूलाई 'तामाङ सेलो' भनिन्छ, सुस्तरी तर बडो मधुर रूपमा गाइने यस्ता सेलोहरूमा डाँडा पाखा, कन्दरा अनि दैनिक जीवन भोगाईलगायत माया प्रेमका भावनाहरू पनि समावेश हुन्छ । डम्फु चाहिँ यस समुदायको हस्ताक्षर बाजा हो । डम्फु अनि सेलोको सुमधुर मिश्रण मनमोहक हुन्छ । धेरैजसो यस्ता सामुदायिक कार्यक्रमहरू खुला आकाशमुनि गरिन्छ । परम्परागत पहिरनमा सजिएका तामाङ समुदायका व्यक्तिहरूलगायत अन्य सबै समुदाय अनि सबै धर्मका व्यक्तिहरूलाई यस समुदायले खुल्ला हृदयले स्वागत गर्दछन् । नकारात्मक तत्वहरूलाई हटाउनका लागि, आशा जगाउने सकारात्मक तत्वहरू अनि शक्तिहरूलाई डाँक्नका लागि आज विभिन्न तान्त्रिक विधि अनि मुखौटा लगाएर नृत्य पनि गरिन्छ । लामाहरूसँग आशिष लिएर आजको दिन वर्षभरिका लागि शुभ साइतको अपेक्षा राखिन्छ, काठमाण्डौमा भने आजको दिन टुँडिखेलबाट ऱ्याली निकालिन्छ । यसरी विभिन्न कार्यक्रमलगायत मेलाहरू आयोजना गरिँदै अनि शुभकामनाहरू आदान प्रदान गर्दै तामाङ समुदायले सयौं वर्ष पुरानो आफ्नो संस्कार अनि पहिचानलाई पुस्तौं पुस्तासम्म सफलतापूर्वक कायम राख्दै आएका छन् । सुँगुर, हाँस, कुखुरा, खसीलगायतका विभिन्न परिकारका मासुहरू तयार पारिने यस विशेष उत्सवमा विभिन्न गुलिया मिठाईहरू बनाएर आजको दिन घरघरमा भोज गर्ने अनि आफन्त भेट्ने चलन रहेको छ ।

सामुदायिक रूपमा पनि समुदायका सबै जना एकै ठाउँमा भेला भएर चाडबाड मनाउने अनि सरल अनि सभ्य रूपमा मिलनसार प्रवृत्तिको संस्कार अनि सन्देश दिने तामाङ समुदायहरू वास्तवमै एउटा अनुकरणीय समुदाय हो । सोनाम ल्होसारको शुभकामना ! असल कामनाहरू अनि आशाहरूले सबैलाई पछ्याओस्, चन्द्रमा दाहिने हुन् ।

हात्ती नियन्त्रणका लागि मुख्यमन्त्रीलाई ज्ञापनपत्र

झापा(प्रस) । झापाको दक्षिणी पालिकाहरूमा बढ्दो जंगली हात्ती आतंक रोकथामका लागि स्थानीय जनप्रतिनिधिहरूले प्रदेश सरकारसमक्ष गुहार मागेका छन्।

जंगली हात्ती नियन्त्रणको माग राख्दै कचनकवल गाउँपालिका अध्यक्ष कालेन्द्रसिंह राजवंशीको नेतृत्वमा गएको टोली शुक्रबार विराटनगरस्थित प्रदेश १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेको थियो ।

सो टोलीले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई दिनहुँ हात्तीबाट भइरहेको जनधनको क्षतिको बारेमा ध्यानाकर्षण गराउँदै गाउँपालिकाको तर्फबाट १० बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको छ ।

गाउँपालिका अध्यक्ष राजवंशी, उपाध्यक्ष नवराज भट्टराई, पूर्व प्रदेश सांसद वसन्तकुमार बानियाँलगायतले मुख्यमन्त्री कार्कीलाई सो ज्ञापनपत्र बुझाएका हुन्।

कचनकवल, बाह्रदशी, भद्रपुर र हल्दिबारी पालिकासँग जोडिएको जैविक विविधता बोकेको चारकोशे जलथल जंगल वरिपरि मानव बस्ती रहेको छ। २२ वटा सामुदायिक वन रहेको सो जंगलभित्र एक दर्जनबढी रैथाने जंगली हात्ती दिनहुँजसो मानव बस्तीमा प्रवेश गरी अन्नबालीसँगै जनधनको क्षति पुऱ्याउँदै आएको छ। जलथल जंगलमा लगाइएको सौर्य विद्युतीय तारबार लामो समयदेखि मर्मत सम्भार हुन नसक्दा हात्ती नियन्त्रणमा चुनौती थपिएकोमा गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

त्यसैले हात्ती नियन्त्रण, संरक्षण र दिगो व्यवस्थापनका लागि प्रदेश सरकारबाट दीर्घकालीन योजना निर्माण गरी समस्या समाधानका लागि बुँदागत रूपमै मागहरू पेस गरिएको गाउँपालिकाका अध्यक्ष राजवंशीले जानकारी दिए।

दमक वाणिज्य संघमा लोकतान्त्रिक समूहको वर्चश्व

दमक(प्रस) ।दमक उद्योग वाणिज्य संघमा लोकतान्त्रिक व्यवसायीहरुको प्यानलले जित हासिल गरेको छ । शुक्रबार सम्पन्न निर्वाचनमा कांग्रेसको नेतृत्वमा रहेको राप्रपा र जसपासहित माओवादी केन्द्रको विद्रोही समूहका व्यवसायीहरुको लोकतान्त्रिक प्यानलका अधिकांश उम्मेदवारहरु विजयी भएका हुन् ।

शनिबार बिहान ४ बजे सार्वजनिक भएको अन्तिम मतपरिणाम अनुसार संघको अध्यक्षमा देवीप्रसाद गुरागाँई (गोपाल)ले ९८५ मत ल्याएर बाजी मारेका छन । अध्यक्षका अर्का प्रत्यासी नेकपा एमाले र माओवादी केन्द्रसम्बद्ध प्रगतिशील व्यवसायीहरुको संयुक्त प्यानलका विमल खतिवडाले ६५१ मत ल्याएका छन् । संघको वरिष्ठ उपाध्यक्षमा राजु खड्का (८८२ मत) ल्याएर विजयी हुँदै गर्दा उनका प्रतिष्पर्धी प्रगतिशीलका राजन दंगालले ७१५ मत ल्याएका छन् । त्यसैगरी,प्रथम उपाध्यक्षमा लोकतान्त्रिकका राजकुमार योङ्या ८२९ मत ल्याएर विजयी हुँदा उनका प्रतिद्वन्द्वी प्रगतिशीलका भरत चम्लागाईले ७८३ मत पाए ।

यस्तै, द्वितीय उपाध्यक्षमा लोकतान्त्रिकका विजयी ज्ञाननाथ पौडेल (ज्ञानु) १००७ मतका साथ विजयी भए। सो पदमा प्रगतिशीलकी उम्मेदवार बिन्दु सिटौला(लक्की)ले ६०३ मत पाईन् भने तृतीय उपाध्यक्षमा रुबल अधिकारी ९६९ मत ल्याएर विजयी भए भने उनका प्रतिद्वन्द्वी प्रगतिशीलका असिम राईले ६३१ मत पाए ।

महिला सदस्यमा तुम्बापो र अधिकारी

दुई सदस्य महिला सदस्यको कोटामा दुवै समूहले बराबरी जितेका छन् । जसअनुसार प्रगतिशील समूहकी कविता अधिकारी १०१२ र

लोकतान्त्रिककी संगीता तुम्बापो (१०६८) मतका साथ विजयी भए । खुल्ला ६ जना सदस्यमा एक जना प्रगतिशीलका उम्मेदवार उमेश गजमेर , विजयी भए । खुल्ला सदस्यमा लोकतान्त्रिकका तर्फबाट टिकाराम खतिवडा (९३९), तुलसीराम तिम्सिना (९६९), कमल कटुवाल (८३९), सुवासचन्द्र गड्तौला (८४२) र हेमसागर अधिकारी (९०४) मत ल्याउँदै विजयी भए ।

लेखा संयोजकमा चम्लागाई

लेखा समिति संयोजकमा लोकतान्त्रिककै नेत्रप्रसाद चम्लागाई ९६५ मत प्राप्त गरी विजयी भए । उनका प्रतिष्पर्धी प्रगतिशीलका मुकुन्द आचार्यले ६७१ मत पाए । तीन सदस्यीय लेखा समितिमा अन्य दुई जना सदस्य भने निर्विरोध निर्वाचित भएका छन् ।

वस्तुगत र लेखा सदस्य निर्विरोध

२२ सदस्यीय नयाँ कार्यसमितिमा संघको महिला उपाध्यक्षसहित ७ सदस्यीय वस्तुगत सदस्य तथा लेखा समिति सदस्यका उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक लीला गुरागाईले बताए ।

महिला उपाध्यक्ष पदमा शुष्मा निरौला केसी ,वस्तुगततर्फ सदस्यतर्फ मोवाइलबाट भेनस श्रेष्ठ, रेडिमेडका संजीव बराल, सुनचाँदीका विवेक श्रेष्ठ, अटो मोबाइलका प्रकाश नेपाल, ग्याँसका तिलक डाँगी, भाडावर्तनकी अञ्जना ताम्राकार र किरानाका दिपकप्रसाद गौतम निर्वाचित भएको जनाइएको छ । तीमध्ये गौतम मात्र प्रगतिशील समूहका हुन् । यस्तै, तीन सदस्यीय लेखा समितिको सदस्यमा संयुक्त लोकतान्त्रिकका पदम राउत र प्रगतिशील समूहबाट षडानन्द घिमिरे निर्विरोध भएका थिए ।

शुक्रवार सम्पन्न मतदानमा संघमा आवद्ध कुल २ हजार १६ जना व्यवसायी मतदातामध्ये १६ सय ८९ मत खसेको थियो ।

नयाँ नेतृत्वका लागि व्यवसायीहरु दुई वटा दलीय प्यानल नै बनाएर चुनावी मैदानमा उत्रिएका थिए । संघको निर्वाचनमा नेतृत्व हत्याउन एमालेबाट प्रदेश सभा सदस्यमा निर्वाचित होमबहादुर थापा, केन्द्रीय सदस्य एवं युवा नेता गोविन्द थापा,पूर्व मेयर तथा केन्द्रीय सदस्य रोमनाथ ओली, पूर्व उपमेयर तथा केन्द्रीय सदस्य गीता अधिकारीलगायत व्यवसायीहरुको समूह बनाएर ठाउँठाउँमा प्रगतिशील समूहको लागि भोट माग्न खटिएका थिए भने कतिपय वडाध्यक्षहरु समेत मतदानस्थलमा खटिएका देखिन्थे ।

अध्यक्ष गुरागाँईको अपराजित यात्रा दमक उद्योग वाणिज्य संघमा नवनिर्वाचित अध्यक्ष देवीप्रसाद गुरागाँई(गोपाल) व्यावसायिक क्षेत्रलाई मुख्य पेशा बनाएर दुई दशक अघिदेखि दमकमा रेडिमेड कपडाको व्यापारमा संलग्न व्यवसायी हुन् । २०३२ सालमा ताप्लेजुङमा जन्मिएका गुरागाँईको परिवार मधेस झरेपछि दमकलाई २०५८ सालदेखि व्यावसायिक थलो बनाएर यहाँका सामाजिक तथा व्यावसायिक क्षेत्रमा क्रियाशील बनेका छन् ।

उनले दमक बजारमा व्यवसायीहरुको ठुलो समूह आवद्ध रहेको साधना बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष, युवाहरुको नेतृत्व , व्यक्तित्व र व्यावसायिक विकासमा समेत योगदान गर्दै आएको दमक जेसीजको महासचिवको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिसकेका छन् । दमक ताप्लेजुङ सम्पर्क मञ्च कार्यसमितिको सदस्यका रुपमा समेत रहेका गुरागाँई आफनो पदीय जिम्मेवारीलाई इमान्दारितापूर्वक पूरा गर्ने विशेषता भएका व्यक्तित्व हुन् । सबैसंग मिलनसार र आदर सत्कारको संस्कारका पर्यायवाची नै हुन गुरागाँई । उनको यही स्वभावले दमकको व्यावसायिक,वित्तीय तथा सामाजिक क्षेत्रमा उनको आवश्यकता खड्किरहेकै हुन्छ ।

उनलाई व्यवसायीहरुको भावनाको कदर गर्ने, व्यावसायिक हित र संरक्षणका लागि भिजन दिन सक्ने विशेषताकै कारण दमक उद्योग वाणिज्य संघका हरेक निर्वाचनमा बहुसंख्यक व्यवसायीहरुले मत दिएर जिताउँदै आएका छन् ।

२०६४/०६५ सालमा दमक उद्योग वाणिज्य संघका तत्कालीन अध्यक्ष सुदिपराज पन्त नेतृत्वको कार्यसमिति सदस्यदेखि वरिष्ठ उपाध्यक्षसम्मका पदहरुमा रहेर आफ्नो जिम्मेवारी सम्हालिसकेका व्यवसायी नेता हुन् । गुरागाँईले वाणिज्य संघको (२०७४ देखि २०७६) सम्मको प्रथम उपाध्यक्ष पदको कार्यकालपछि नै संघको अध्यक्ष पदमा जिम्मेवारी लिने तयारीमा थिए । यसअघि नेकपा

❖ बाँकी अन्तिम पृष्ठमा

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष टाढाको यात्रा सम्भावित भए पनि खर्च र थकाई बढ्ने समय छ ।

वृष मनपर्ने परिकार तथा बस्त्र उपहार प्राप्ति होला । प्रतिष्ठा पाईने समय छ ।

मिथुन समय मनोरञ्जनपूर्ण रहनेछ । मांगलिक कार्य सम्पन्न होला ।

कर्कट परोपकारमा मन जानेछ । साथीभाइबाट सहयोग जुट्नेछ ।

सिंह रोकिएको काम बन्नेछ । नयाँ काम थाल्ने मौका छ ।

कन्या आजको दिन अस्वस्थता र कमजोर अनुभव हुनेछ ।

तुला आफन्तसँग असमझदारी बढ्नेछ । कामको बोझ पनि थपिनेछ ।

वृश्चिक वैदेशिक यात्राको अवसर मिल्नेछ । सन्तान प्राप्तिको योग छ ।

धनु महत्वपूर्ण कार्यको थालनी हुने देखिन्छ । भोजभतेरमा सहभागी भईएला ।

मकर व्यापार व्यवसायमा उन्नति हुनेछ । परिवारिक सम्बन्ध बिग्रने योग देखिन्छ ।

कुम्भ पठनपाठनमा रुचि नबढ्ला । मित्र तथा आफन्तको सहयोग पाईनेछ ।

मिन प्रशस्त धन लाभ हुनेछ । अधुरा काम बन्ने समय छ ।